**घोराही उपमहानगरपालिका शिक्षा, युवा तथा खेलकुद महाशाखा दाङको जरुरी सुचना**

शैक्षिक सत्र २०७७ मा यस उपमहानगरपालिका क्षेत्र भित्र तह थप तथा नयाँ विद्यालय खोल्न मिति २०७६/९ मसान्त सम्म कक्षा थप गर्न र २०७६/१० मसान्त सम्म इच्छुक व्यक्ति तथा संस्थाहरुले तपशिलमा उल्लेखित कागजातहरु सहित तोकिएको ढाचाँमा देहायको मिति भित्र यस महाशाखामा आवेदन दर्ता गर्नुहुन जानकारी गराइन्छ । साथै तोकिएको समय सिमा भित्र प्राप्त नभएको निवेदन उपर कुनै कारबाही नगरिने व्यहोरा समेत यस्र सुचनाद्धारा जानकारी गराइन्छ ।

**शैक्षिक सत्र २०७७ मा विद्यालयको कक्षा /तह थपका लागि पेश गर्नुपर्ने :**

१. शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा २ महिना ( २०७६ माघ मसान्त भित्र) विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको तोकिएको ढाचाँमा निवेदन पेश गर्नुपर्ने ।

२. विद्यालय वा थप कक्षा आवश्यक रहेका भन्ने सम्बन्धित वडा समितिको निर्णय सहितको वडाको सिफारिस पत्र ।

३. शैक्षिक गुठी अन्तरगत भएमा विधान स्वीकृत गरिएको पत्रको प्रमाणित प्रतिलिपि र कम्पनी अन्तरगत भएमा कम्पनीको प्रमाणपत्र र प्रबन्ध पत्र तथा नियमावालीको प्रतिलिपि

४ सस्थादर्ता प्रमाणपत्र प्रतिलिपि र कर बुझाएको विवरण

५. कक्षा/ तह थप भएमा अघिल्लो कक्षा तह थपको अनुमति पत्रको प्रमाणित प्रतिलिपि

६ शैक्षिक सत्र २०७६ को EMIS विवरण

७. शिक्षक / कर्मचारीको शैक्षिक योग्यताको प्रतिलिपि

८ जग्गा घर भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण र आफ्नै भवन भएमा विद्यालयको नामको लालपुर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि

९ भाडामा भए वहाल कर तिरेको रसिद

१० नजिकको २ वडा सामुदायिक विद्यालयहरुको वि.व्य.सको निर्णय सहितको सक्कलै सहमती पत्र

११ नजिकको विद्यालयसगको पैदल दुरी ३० मिनेट वा दुरी २ कि मि भन्दा कम नभएको भनि सम्बन्धित वडाको सिफारिस पत्र ( नया विद्यालयको लागि मात्र)

१२. आगामी शैक्षिक सत्रको लागि अभिभावक भेलाको दुई तिहाइ बहुमतले पारित प्रस्तावित शुल्क विवरणको प्रमाणित प्रतिलिपि

१३ कम्तिमा ३ वर्ष निजि स्रोतबाट सञ्चालन गर्ने विव्यसको प्रतिवद्धता ( सामुदायिकको हकमा मात्र)

१४. प्रस्तावित विद्यालयको शैक्षिक नक्सा

१५ चालु शैक्षिक सत्रको लागि वितरण गरिएको छात्रबृत्तिको विवरण

१६ विद्यालयमा भएको पुस्तक, पाठ्यक्रम विवरण र विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्धारा सुचिकृत पाठ्यक्रमको विवरण

१७ विद्यालयको नाममा विद्यार्थी आवत जावत गर्न प्रयोग गर्ने सवारी साधन भए सोको रङ र नाम देखिने गरी खिचेको सवारी साधनको फोटो ।

१८ शिक्षक नियुक्ति पत्र, निजहरुको नागरिकता, योग्यता, अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

१९ शिक्षक कर्मचारी सेवा सुविधा सम्बन्धी विनियमावली

२० विद्यालयको खर्च व्यहोर्ने स्रोतको व्यवस्थापनको निर्ण

२१ गत आ.व.को लेखा परीक्षणको प्रतिवेदन र विद्यालयको सञ्चालन गर्ने गुठी/ कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

२२ अनुमति पुर्व विद्यालय सञ्चालन र अनुमति नपाएको थप कक्षा सञ्चालन नगरेको र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा विद्यालयको सहमति रहेको पत्र  र सो अनुसारको वि.व्यसको निर्णयको प्रमाणित प्रतिलिपि

२३ निवेदन दस्तुत (फिर्ता नहुने गरी प्रा वि एक हजार / आ वि एक हजार / मा वि २ हजार)

२४ विद्यालय निरीक्षण स्थलगत प्रतिवेदन

२५ गत आ.वको लेखापरिक्षण प्रतिवेदन

**अनुमति लिने समयमा पेश गर्नु पर्ने कागजातहरु :**

१. संस्थागतको हकमा ने.बै लि / रा। वा बैक /कृ.वि बै मध्ये कुनै एकमा मावि हकमा २ लाख /आविका लागि १ लाख ५० हाजर र प्राविको लागि ५० हजार सुरक्षण धरौटी रकम राखिएको मुद्धती कार्डको प्रमाणित प्रतिलिपि

२ अनुमतिको लागि प्रा वि १५ हजार, आ वि २० हजार र मा वि  २५ हजार अनुमति दस्तुर (संस्थागतको हकमा मात्र) (घोराही उपमहानगरपालिकाको ने.बै लि मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३००००००००५००९००३ मा रकम जम्मा गरेको भौचर

नोटः सम्बन्धित कार्यालयबाट हुने निरिक्षणको क्रममा उल्लेखित सवै कागजातहरु देखाउनु पर्नेछ ।

## शैक्षिक सत्र २०७७ मा नयाँ विद्यालय सञ्चालन तथा खोल्न निवेदन साथ पेश गर्नु पर्ने

१. शैक्षिक सत्र सुरु हुनुभन्दा कमतीमा ३ महिना (२०७६/पौष मसान्त भित्र) अगाडी वि.व्यसको निर्णय सहितको तोकिएको ढाचाँमा निवेदन पेश गर्नुपर्ने

२. विद्यालय खोल्नु पर्ने सम्बन्धमा सम्बन्धित वडा समितिको निर्णय सहितको वडा सिफारिस पत्र ।

३. शैक्षिक गुठीको विद्यान स्वीकृत गरिएको पत्र र विधानको प्रमाणित प्रतिलिपि (संस्थागतको हकमा)

४ जग्गा/ भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण र आफ्नै भवन भएमा विद्यालयको नामको लालपुर्जा र घरको नक्सा प्रमाणित प्रतिलिपि

५ विद्यालयको सञ्चालन गर्ने गुठिको स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

६ संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कर बुझाएको विवरण

७ नजिकका २ वटा सामुदायिक विद्यालयहरुको वि.व्यसको निर्णय सहतिको सक्लै सहमति पत्र

८. नजिकको विद्यालयसगको पैदल दुरी ३० मिनेट वा दुरी २ कि मि भन्दा कम नभएको भनि सम्बन्धित वडा सिफारिस पत्र

९ प्रस्तावित शुल्क विवरण तथा सेवा विवरण

१० प्रस्तावित विद्यालयको शैक्षिक नक्सा

११ निवेदन दस्तुर बुझाएको रसिद ( फिर्ता नहुने गरी प्रा वि एक हजार / आ वि एक हजार/ मा वि २ हजार)

१२ सेवामुलक रुपमा सञ्चालन गर्ने प्रतिवद्धता पत्र

१३ विद्यालयको खर्च व्यहोर्ने स्रोतको व्यवस्थापनको विवरण

१४ अनुमिति पुर्व विद्यालय सञ्चालन नगरे र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा गुठीको सहमति रहेका पत्र र सो अनुसारको निर्णयको प्रमाण्ति प्रतिलिपि

१५ विद्यालय निरीक्षणको स्थलगत प्रतिवेदन

१६  गत आ.वको लेखापरिक्षण प्रतिवेदन

नोट : शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तीमा ३ महिना अगाडि शैक्षिक गुठी सम्बन्धी विधान वनाइ उपमहानगरपालिकामा स्वीकृतीको लागि पेश गर्नुपर्नेघछ ।

## अनुमति लिने समयमा पेश गर्नुपर्ने कागजातहरु

१. संस्थागतको हकमा ने.बै लि /रा.बा लि/कृ.वि बै मध्ये कुनै एकमा माविको हकमा २ लाख / आविका लागि १ लाख ५० हजार र प्रा विको लागि ५० हजार सुरक्षण धरौटी रकम राखिएको मुद्धती कार्डको प्रमाणित प्रतिलिपि

२. अनुमतिको लागि प्रा विको १५ हजार, आविको २० हजार र माविको २५ हजार अनुमति दस्तुर (संस्थागततको हकमा मात्र) (घोराही उपमहानगरपालिकाको ने.बै लि मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३०००००००००५००९००३ मा रकम जम्मा गरेको भौचर

३ शिक्षक नियुक्ति पत्र, निजहरुको नागरिकता, योग्यता,अध्यापन पत्रको प्रमाणित प्रतिलिपि

४ विद्यालयमा भएको पुस्तक पाठ्यक्रमको विवरण र विद्यालयको पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्धारा सुचिकृत पाठ्यपुस्तक विवरण

५ शिक्षक कर्मचारी सेवा सुविधा सम्बन्धी विनियमावली

नोट सम्बन्धीत कार्यालयबाट हुने निरिक्षणको क्रममा उल्लेखित सवै कागजातहरु देखाउनु पर्नेछ ।

## नयाँ मन्टेश्वरी/पुर्व प्राथामिक विद्यालय सञ्चालनको लागि पेश गनुपर्ने कागजातहरु

१. शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा २ महिना (२०७६ माघ मसान्त भित्र)

भित्रमा तोकिएको ढाचाँमा निवेदन

२ सञ्चालनहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

३ शैक्षिक गुठी/सस्था दर्ताको प्रमाणित प्रतिलिपि र कर बुझाइएको विवरण

४ शैक्षिक गुठीको स्वीकृत विद्यान ( निजिको हकमा)

५ प्रस्तावित सेवा र विभिन्न प्रकारका शिर्षकगत शुल्कको विवरण

६ जग्गा/भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण तथा आफनै भएमा संस्थाको नामको लालपुर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि

७ नजिकको कम्तीमा २ वटा सामुदायिक शैक्षिक संस्था विद्यालयहरुको विव्यसको निर्णय सहितको सक्कलै सहमति पत्र

८ नजिकको विद्यालयसंगको पैदल दुरी १५ मिनेट वा दुरी १ कि मी भन्दा कम नभएको भनि सम्बन्धीत वडा सिफारि पत्र

९ खोल्न उपयुक्त रहेको भनी सम्बन्धीत वडा समितिको सिफारिस सहितको वडा सिफारिस पत्र

१० खर्च व्यवस्थापन स्रोत

११ प्रस्तावित विद्यालय/सस्थाको शैक्षिक नक्सा

१२ निवेदन दस्तुर बुझाएको रसिद (फिर्ता नहुने गरी एक हजार)

१३ विद्यालय निरीक्षणको स्थलगत प्रतिवेदन

१४ गत आ.वको लेखापरिक्षण प्रतिवेदन

१५ अनुमति पुर्व विद्यालय/मन्टेश्वरी सञ्चालन नगरेको र गरेको पाइएमा अनुमति प्रक्रिया खारेज गरेमा संस्थाको सहमति रहेको पत्र र सो अनुसारको निर्णयको प्रमाणित प्रतिलिपि

## अनुमतिको समयमा पेश गर्नुपर्ने कागजातहरु :

१. रु १५ हजार अनुमति शुल्क रसिद (घोराही उपमहानगरपालिकाको ने.बै लि मा रहेको स्थानीय विकास कोषको खाता नं ०२७०३०००००००५००९००३ मा रकम जम्मा गरेको भौचर

२ शिक्षक कर्मचारी सम्बन्धी संस्थाको विनियमावलीको प्रमाणित प्रतिलिपि

३ सहजकर्ता तथा शिक्षकहरुको शैक्षिक योग्यता /नगरिकताको प्रमाणपत्र /तालिमको प्रमाणित प्रतिलिपिहरु

४ व्यवस्थापन समितिको पदाधिकारीहरुको विवरण

५ केन्द्र/विद्यालयमा रहेको कम्प्युटर /पुस्तकालय तथा क्ष्त्रृत को सामाग्रीहरुको विवरणमा

**नोट**

१ शैक्षिक गुठीको विद्यान शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तिमा ३ महिना स्वीकृतको लागि उपमहानगरमा पेश गर्नु पर्नेछ ।

२. सम्बन्धित कार्यालयबाट हुने निरीक्षणको क्रममा उल्लेखित सबै कागजातहरु देखाउनु पर्नेछ ।